Nepali

## के तपाईंलाई थाहा छ?

# भिरिङ्गी (सिफिलिस) ले सबैलाई असर गर्न सक्छ।



**भिरिङ्गी (सिफिलिस)** एक यौन सञ्चारित सङ्क्रमण (एसटिआई; STI) हो जुन यौन सम्पर्कको क्रममा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्छ।

### तपाईंमा कुनै लक्षण नदेखिन सक्छ

केही मानिसहरू बिरामी महसुस नगर्न सक्छन् वा उनीहरूलाई भिरिङ्गी (सिफिलिस) भएको थाहा नहुन सक्छ।
घाउ वा अल्सर, दाग, मांसपेशी र जोर्नी दुख्ने, टाउको दुख्ने र थकान भएमा ध्यान दिनुहोस्।

### नियमित रूपमा परीक्षण गराउनुहोस्

भिरिङ्गी (सिफिलिस) सहितको पूर्ण एसटिआई (STI) परीक्षणको लागि आफ्नो चिकित्सक (डाक्टर) लाई सोध्नुहोस् वा स्वास्थ्य केन्द्र (मेडिकल सेन्टर) मा जानुहोस्। यदि तपाईंले कण्डम बिना योन सम्पर्क वा मुख मैथुन गर्नुभयो भने एसटिआई (STI) परीक्षण गराउनुहोस्। परीक्षण गराउनुमा कुनै लाज मान्नु पर्दैन।

### उपचार

उपचार सजिलो छ - औषधिले सङ्क्रमण हटाउँछ।
तपाईंको यौन साथीलाई पनि परीक्षण र उपचार गराउन भन्नुहोस्। यसले भिरिङ्गी (सिफिलिस) लाई तपाईं वा अरूलाई सर्नबाट रोक्छ।

### सुरक्षित रहनुहोस्

सुरक्षित यौन सम्पर्क अभ्यास गर्नुहोस् - सधैँ पानी वा सिलिकन आधारित लुब्रिकेन्टहरू भएको कण्डम प्रयोग गर्नुहोस्।
यदि तपाईं स्वयम् यौन साथीलाई सम्पर्क गर्न असहज महसुस गर्नुहुन्छ भने, तपाईं सुझावको लागि **www.letthemknow.org.au** हेर्न सक्नुहुन्छ वा एक चिकित्सक (डाक्टर) वा यौन स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नु सक्नुहुन्छ।

### तालिमप्राप्त एक स्वास्थ्य परिचारिका (नर्स) सँग कुरा गर्न

यौन स्वास्थ्य जानकारी लाइन (SHIL) लाई **१८०० ४५१ ६२४** मा सम्पर्क गर्नुहोस्। सोमवार-शुक्रवार ०९:०० देखि अपराह्नको ५:३० सम्म।

आफ्नो भाषामा बोल्न **१३१ ४५०** मा सम्पर्क गर्नुहोस्।

वर्षमा हरेक दिन २४ घण्टा नै सम्पर्क गर्न सक्नुहुन्छ।

**https://www.shil.nsw.gov.au** वेबसाइट हेर्नुहोस्।

**भिरिङ्गी (सिफिलिस) को बारे थप जानकारीको लागि क्यूआर (QR) कोड स्क्यान गर्नुहोस्।**

MULTICULTURAL HIV AND HEPATITIS SERVICE

South Western Sydney Local Health District
Health Promotion Service

NSW GOVERNMENT